बाह्रविसे नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
बाह्रविसे, सिन्धुपाल्चोक ।
आर्थिक वर्ष २०७८।०७९ को  नौं (९) औं नगरसभामा
नगर प्रमुख श्री निमफुन्जो शेर्पाद्धारा प्रस्तुत

# नीति तथा कार्यक्रम

उपस्थित सम्पूर्ण नगरसभा सदस्यज्यूहरु आज मिति २०७८ साल असार ०७ गते सोमबारका दिन संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थालाई संस्थागत गर्ने कार्य सँगै आज बाह्रविसे नगरपालिका मौषमजन्य प्राकृतिक विपदको गहिरो मार र दोस्रो लहरको कोभिड-१९ महामारीको असहज अवस्थामा नौं (९) औं नगरसभा सम्पन्न गर्दै छौं । सभामा उपस्थित सम्पूर्ण नगर सभाका सदस्यज्यूहरु,

शासन व्यवस्था परिवर्तनको लागि भौगोलिक अखण्डता,राष्ट्रिय हित, स्वाभिमान, लोकतन्त्र र जनजीवनका लागि भएका विभिन्न आन्दोलनहरुमा जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात-अज्ञात सहिदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै, ती  आन्दोलनहरुको नेतृत्व गर्नुहुने अग्रजहरुप्रति उच्च सम्मान व्यक्त गर्न चाहन्छु ।

मौसम जन्य प्राकृतिक विपद तथा दोस्रो लहरको कोभिड-१९ बाट ज्यान गुमाउनु भएका मृतकहरु प्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दै शोकाकूल परिवारजनमा गहिरो समवेदान व्यक्त गर्दछु । कोभिड-१९ सक्रमण भै उपचार गराई रहनु भएका सम्पूर्ण दिदीबहिनी तथा दाजुभाईहरुको शीघ्र स्वास्थ्यलाभको कामना गर्दछु ।

जोखिम परिस्थितिमा अग्रपङ्तिमा रहेर सेवा गर्ने चिकित्सक, नर्स, स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, सरसफाईकर्मी, एम्बुलेन्स चालक लगायत सम्पूर्ण राष्ट्रसेवक कर्मचारीहरु र जनप्रतिनीधिहरुप्रति म उच्च प्रशंसा व्यक्त गर्दछु । महामारी जोखिमका कारण सरकारले गरेको निषेधाज्ञाको समय अवधिभर अत्यावश्यक वस्तुहरुको आपूर्ति सहज वनाई सहयोग गर्नुहुने सम्पूर्ण व्यक्ति तथा व्यवसायिहरुलाई धन्यवाद दिन चाहन्छु । महामारी नियन्त्रण र रोकथामका लागि नेपाल सरकार र बाह्रविसे नगरपालिकाले चालेको कदमहरुलाई पूर्ण साथ दिई सहयोग गर्नुभएकोमा सम्पूर्ण नगरवासीहरुमा हार्दिक आभार व्यक्त गर्दै आगामी दिनहरुमा पनि यस प्रकारको सहयोगको अपेक्षा लिइएको छु ।

सम्पूर्ण नगरसभा सदस्यज्यूहरु हामी नेपालमा पहिलोपटक लागु भएको संघिय लोकतान्त्रीक गणतन्त्रात्मक शासन संरचनाको प्रथम जनप्रतिनिधि हौं । निर्वाचित भएर आएको अवस्थामा २०७२ सालको भूकम्पबाट लथालिङ्ग भएको भौतिक संरचनाका विचमा हामीले पहिलो पटक नै कार्यालय व्यवस्थापन, कर्मचारी व्यवस्थापनको चटारो भोग्न पर्‍यो । संघिय संरचनाको पहिलो अभ्यासको क्रममा स्थानीय सरकार सञ्चालन ऐन तथा कार्यविधि नवनेको अवस्थामा अन्यौल पूर्ण अवस्था थियो । स्थानीय सरकार सञ्चालन ऐन वने सँगै क्रमश नगरपालिकामा कार्यालय व्यवस्थापन र कर्मचारी व्यवस्थापन हुँदै गयो । नगरपालिकामा विभिन्न दलबाट निर्वाचित भएर हामी जनप्रतिनिधिको रुपमा आए सँगै शुरुका वर्षहरुमा वहुमत प्राप्त दलबाटै नगर सञ्चालनमा केहि बाधा पुर्‍याउने कार्यहरु भए, नगर

विकास निर्माण, र संस्थागत विकासका कार्यहरु अगाडी वढाउँदै जाँदा नगरमा मौषम जन्य विपदका घटनाहरु वढ्न थाले । मौषम जन्य प्राकृतिक विपदको सामना गर्दा गर्दै विश्वभर फैलिएको कोभिड-१९ का कारण पुन विकास निर्माण लगाएतका कार्यहरुमा नराम्ररी असर पु्याएको व्यहोरा हामी सवैमा अवगत नै छ । हामी आजको नौं (९) औं नगरसभा सम्म आई पुग्दा सीमित स्रोत तथा साधानका वावजुद पनि नगरपालिकाले निम्न कार्यहरु गरेको कुरा यहाँहरु माझ राख्न चाहन्छु ।

- प्रथम नगरसभाबाट काठपोल मुक्त नगरपालिका निर्माणको अभियान शुरु गरे सँगै सवै वस्तीहरुमा काठको पोल विस्थापीत गरि स्टील पोलको व्यवस्था गर्न सफल भएका छौं । साथै स्टील तारलाई विस्तापित गराई केवलतारको व्यवस्थापनमा हामी जुटी रहेका छौं ।
- प्रारम्भिक शिक्षा नै गुणस्तरीय शिक्षाको मेरुदण्ड भएको हुँदा बालवालिकालाई सामुदायिक विद्यालय प्रति आकर्षित गर्न मन्टेश्वरी पद्धतिबाट शुरु गरेको प्रारम्भिक शिक्षालाई निरन्तरता दिइएको छ । विद्यालयहरुको माग वमोजिम इन्टरनेट जडान कार्यको थालनि गरेका छौं ।
- नगरपालिकाको समन्वयमा सवै वडाहरुमा स्वास्थ्य चौकीको भवन पूर्वाधार निर्माण र कर्मचारीको व्यवस्थापन गरि स्वास्थ्य सेवामा जनताको सहज पहुँचको सुनिश्तिता गरेका छौं ।
- सार्वजनिक सेवामा सुशासन कायम गर्दै सेवा प्रवाहलाई प्रभावकारी, पारदर्शि र नतिजामुखी वनाएका छौं ।
- बाह्रविसे बजार क्षेत्रमा सिसिटिभी तथा सौर्य वत्ति जडान गरि बजारको सुरक्षा तथा सौन्दर्यता अभिवृद्धि गरिएको छ ।
- पर्यटन पूर्वाधार निर्माणका कार्यहरु मार्फत घुँडे पार्क निर्माण, भयौलीकुण्ड पूर्वाधार व्यवस्थापन, अरनिको मिनिपार्क निर्माण, ईको मेडिटेशन पार्क तथा सुनकोशी सामुदायिक वनलाई ईको पार्कको रुपका विकास गर्दै वातावरण र विकास विच सन्तुलन कायम गरिएको छ ।
- ९ वटा वडाहरु मध्ये ७ वटा वडाहमा वडा कार्यालयको निर्माण सम्पन्न गरि सेवा प्रवाह शुरु गरिएको छ ।
- नगरपालिकाबाट घुम्ती सेवा मार्फत स्थानीय स्तरमा स्थानीय सरकारको उपस्थित जनाइ जनताको घर दैलोबाट नै महत्वपूर्ण सेवाहरु प्रवाह गरिएको छ ।
- वन्दावन्दीको समयमा स्थानीय स्तरमा नै सहुलियत दरमा कृषि रसायनिक मल तथा प्राविधिक सहयोग उपलव्ध गराउने कार्य मार्फत कृषकहरुले अधिकतम लाभ लिएका छन् ।
- साँस्कृकित सम्पदाको संरक्षण गर्न माग वमोजिम विभिन्न स्थानहरुमा मठमन्दिर, गुम्वा तथा चैत्य र  चर्च भवन निर्माण जस्ता कार्यहरुलाई प्रोत्साहन गरिएको छ ।
- छरिएर रहेका वस्तीहरुमा स्वास्थ्य, सडक, स्वच्छ खानेपानी तथा विद्युत सेवाको विस्तार एवं पहुँच स्थापित गरिएको छ ।
- कोभिड-१९ महामारीको अवस्थामा विकट वस्तीहरुमा स्वास्थ्य कर्मीसहितको टोलिबाट औषधि वितरण तथा जनचेतना फैलाउने कार्य निरन्तर गरिएको छ । कोभिड-१९ संक्रमण जोखिमको

अवस्थामा क्वारेन्टाइन र आईसोलेसनको व्यवस्था गर्दै दोस्रो लहरको कोभिड-१९ नियन्त्रणको लागि २५ वेडको आईसोलेसन कक्ष निर्माण गरि सञ्चालनमा ल्याइएको छ ।

- स्थानीयको माग र आवश्यकताको आधारमा सामुदायिक भवन र खेल मैदान निर्माणका कार्यहरु सञ्चालन गरेका छौं ।
- कृषि तथा पशुपालन क्षेत्रको प्रवर्द्धनको लागि विभिन्न कार्यक्रमहरु सञ्चालन गर्दै यस क्षेत्रको विविधिकरण तथा प्राविधिक सहयोग उपलब्ध गराइएको छ । लोपन्मुख चौरी संरक्षण कार्यलाई प्रभावकारी रुपमा अगाडी वढाई चौरीको संख्यामा उल्लेख्य वृद्धि भएको छ ।
- स्थानीय स्तरमा सिप विकास तालिम सञ्चालन गरि लघु घरेलु उद्योगलाई प्रोत्साहन गरि उद्यम शिलताको विकास मार्फत गरिबी निवारण गर्दै लगिएको छ ।
- बाह्रविसे बजार वस्ती संरक्षण तर्फ नदी कटान नियन्त्रणका लागि विभिन्न उपायहरुको अवलम्वन गरी वस्ती संरक्षण कार्यलाई प्राथामिकता दिएका छौं ।

आगामी आ.व.०७८।०७९ को लागि हामी  नीति, योजना तथा कार्यक्रम र बजेट प्रस्तुत गर्दै छौं । विकास उन्मुख हाम्रो नगरलाई मौषमजन्य प्राकृतिक विपदले थिलथिलो वनाएको तथा वर्तमान अवस्थामा पुन दोस्रो लहरको कोभिड-१९ को महामारीका विच आज हामी नीति कार्यक्रम र बजेट प्रस्तुत गर्दैछौं । आगामी आ.व.०७८।०७९ हामीले चालु आ.व.०७७।०७८ को अधुरा कार्यहरुलाई पुरा गर्ने र केही थप नयाँ योजनाहरु समावेश गरि कार्यान्वनमा लैजाने नीति अख्तियार गरेका छौ ।

**म बाह्रविसे नगरपालिकाको आ.व.०७८।०७९ को नीति तथा कार्यक्रमहरु निम्नानुसार प्रस्तुत गर्दछु ।**

**तपशिलः-**

**आ.०७८।०७९ को लागि प्रस्तुत गरिएको नीति तथा कार्यक्रमहरु**

| **विषय शीर्षक** | **नीति तथा कार्यक्रमहरु** |
|---|---|
| **१.कृषि तथा पशुपालन** | ➢ नगरपालिका क्षेत्र भित्रका व्यवसायिक तरकारी एवं फलफुल खेती र व्यवसायिक पशुपालन कार्य गर्ने कृषकहरुलाई प्रोत्साहन र सहयोग गर्ने कार्यलाई निरन्तरता दिइने छ ।<br>➢ फलफुल तथा तरकारी उत्पादन क्षेत्रको पकेट क्षेत्र निर्धारण गरि सो क्षेत्रको घोषणा गरि उत्पादित वस्तुहरुको बजारीकरणको लागि प्रशोधन र भण्डारण समेतको कार्यक्रमको व्यवस्था मिलाइने छ ।<br>➢ चौरी गाई पालन, भेडा तथा बाखा, गाई, भैंसी, कुखुरा, वंगुर पालनलाई विशेष जोड दिई संघ,प्रदेश सरकारसँगको लागत साझेदारमा अनुदान कार्यक्रमलाई निरन्तरता दिइने छ ।<br>➢ माटो परिक्षण गरि ठाउँ सुहाउँदो फलफुल खेतीको विकास,वेमौसमी तरकारी खेती गर्ने किसान लाई साना सिँचाई र थोपा सिँचाई तथा प्लाष्टिक पोखरी निर्माणको कार्यक्रमलाई निरन्तरता दिइनेछ । |

| | |
|---|---|
| | ➢ जमिन बाँझो राख्ने कार्यलाई निरुत्साहित गरि उत्पादनमा आधारित अनुदानका कार्यक्रमहरु तय गरिने छ । प्रत्येक वडाबाट ५/५ जना अगुवा एवं असल कृषकहरु छनौट गरी पुरस्कार एवम कृषि तालिमको व्यवस्था गरिने छ ।<br>➢ लोकल कुखुरा पालन तथा संरक्षण गर्ने कृषक तथा फर्महरुलाई अनुदानको व्यवस्था गरिनेछ ।<br>➢ कृषिजन्य र पशुजन्य व्यवसायको प्रवर्द्धन गरि बजारीकरणमा सहयोग गरिनेछ ।<br>➢ साना सिंचाई आयोजनाहरुमा लागत साझेदारीमा ७० प्रतिशत सम्म अनुदान दिने व्यवस्था गरिनेछ ।<br>➢ दुध, अण्डा र मासु उत्पादनमा आत्मनिर्भर गराउने नीति वनाई अनुदान कार्यक्रमहरु संचालन गरिनेछ । जसका लागि अनुदान मार्फत व्यवसाय उन्मुख फर्महरुको स्थापनाका लागि पहल गरिने छ ।<br>➢ पशु अस्पतालको सम्भाब्यता अध्ययन गरि केन्द्र तथा प्रदेश सरकारको सहयोगमा स्थापना गर्न पहल गरिनेछ ।<br>➢ प्रत्येक वडाहरुमा कृषि संकलन केन्द्र स्थापना र नगरपालिका स्तरीय संकलन केन्द्र भवन निर्माण र कोल्ड च्याम्वरको व्यवस्थापनको लागि आवश्यक पहल कदमि लिइने छ ।<br>➢ माछा पालनको लागि संभाव्यता अध्ययन गरी व्यवसायिक रुपमा पालन गर्न चाहने व्यवसायीहरुलाई अनुदानको व्यवस्था गरिनेछ ।<br>➢ फलफुल तथा डाले घाँस/वहुवर्षिय घाँस उत्पादनको लागि नर्सरी स्थापनाको लागि आवश्यक पहल गरिने छ ।<br>➢ आन्तरिक तथा वाह्य पर्यटक आकर्षणको लागि वर्षमा एक पटक चौरी महोत्सव गरिने छ ।<br>➢ मासुका लागि वाहिरबाट ल्याईने राँगाहरुलाई विस्थापीत गर्न स्थानीय स्तरमा नै आत्मनिर्भर वनाउन पाडा हुर्काउने कार्यक्रम ल्याईने छ । |
| **२.शिक्षा** | ➢ शिक्षाले समग्र समाजलाई मार्गदर्शन गर्ने भएको हुँदा समय सान्दर्भिक शैक्षिक विकास गर्न आवश्यक रहन्छ । शैक्षिक विकासको उत्तरदायि र आधिकारिक संस्था विद्यालय,क्याम्पसहरु नै हुन । यस बाह्रविसे नगरपालिका उक्त संस्थाको संस्थागत क्षमता विकास गर्न नगर स्थापना देखिनै लागि परेको कुरा अनुरोध गर्न चाहन्छु ।<br>➢ कोभिड-१९ दोस्रोलहर संक्रमण लगाएतका अन्य विपद जन्य जोखिमका कारण बाह्रविसे नगरपालिकाले परिस्थिती अनुकुल शैक्षिक सत्र २०७७ को नगर स्तरीय वार्षिक परीक्षा केन्द्रिय निर्देशन अनुरुप व्यवस्थापन गरे पश्चात विश्वव्यापि संकटसँगै विद्यालयहरु २०७८ वैशाख १६ गते बाट वन्दावन्दीको अवस्था रहेकोमा आषाढ महिनाबाट नयाँ शैक्षिक सत्र २०७८ शुरुवात सँगै विद्यालयका प्रशासनिक कार्यसँगै विद्यालय सुचारु भएका छन । विद्यार्थी भर्ना कार्य सकिए पछि बैकल्पिक शिकाई प्रक्रियाबाट विद्यालयहरु क्रमश नियमित गर्दै लगिने छ ।<br>➢ यस नगरपालिका भित्र रहेका सवै सामुदायिक माध्यामिक विद्यालयबाट A+ Grade मा SEE परिक्षा उत्तिण गर्ने प्रत्येक विद्यालयका १ । १ जना |

| | |
|---|---|
| | छात्रछात्राहरुलाई उत्कृष्टताको आधारमा कक्षा ११ को शुल्क मिनाह गरिदिन आवश्यक पहल कदमि लिइने छ ।<br>➢ आगामी वर्षका लागि मूलभूत शैक्षिक कार्यक्रमहरु बुँदागत रुपमा निम्नानुसार राख्न चाहन्छु ।<br>१.विद्यालयमा वालमैत्री सिकाइ प्रक्रियालाई अझै व्यवस्थित गरिनेछ । सो का लागि बालविकास सहयोगी शिक्षकलाई प्रोत्साहन गर्ने नीति लिइनेछ ।<br>२.प्रारम्भिक शिक्षा नै गुणस्तरीय शिक्षाको मेरुदण्ड भएको हुँदा बालावालिकालाई सामुदायिक विद्यालय प्रति आकर्षित गर्न मन्टेश्वरी पद्धतिबाट शुरु गरेको प्रारम्भिक शिक्षालाई निरन्तरता दिईनेछ ।<br>३.विद्यालय तथा कक्षा कोठामा प्रविधि मैत्री शिक्षण सिकाईलाई प्रवर्द्धन गर्दै नविनतम प्रविधिको विस्तार गर्नका लागि विद्यालयमा ल्याव, लाइव्रेरी र अन्य आईसीटीको विस्तार गरिने छ ।<br>४.संघ, प्रदेश र जिल्ला समेतको समन्वयमा विद्यालयको भौतिक सुविधा विस्तार र सवलिकरणको आवश्यक कार्य गरिने छ ।<br>५.संघीय तथा प्रदेश सरकारको समन्वयमा विद्यालयमा दिवा खाजा, विद्यालय नर्स कार्यक्रम, छात्राहरुलाई सेनिटरी प्याड व्यवस्थापनका कार्यलाई थप प्रभावकारी वनाइनेछ ।<br>६.विद्यालयहरुमा हुन सक्ने आकस्मिक विपदहरुको आवश्यक व्यवस्थापन गरिनेछ ।<br>७.विद्यालयहरुमा पाठ्यक्रममा आधारित भै पठन-पाठन सञ्चालन तथा निरन्तर विद्यार्थी मूल्याङ्कन पद्धतिलाई प्रभावकारी वनाई व्यवस्थान गरिनेछ ।<br>८.विद्यालय कर्मचारीलाई प्रोत्साहन गर्ने कार्यलाई निरन्तरता दिइने छ । |
| **३.स्वास्थ्य** | ➢ कोभिड-१९ को महामारी नियन्त्रण तथा रोकथामको लागि विशेष सतर्कता अपनाई, आवश्यक पूर्वाधार तथा औषधीजन्य सामग्रीहरुको व्यवस्थापनलाई प्राथमिकतामा राखिने छ । नगरपालिकाले स्रोत परिचालन गरि छुट्टै कोषको व्यवस्था गरि सरकारी र नीजि क्षेत्रबाट प्राप्त हुने रकम सो कोषमा जम्मा गरि खर्च गर्ने व्यवस्था मिलाइने छ, भने वन्दावन्दीको समयमा स्वास्थ्य शाखाको समन्वयमा आवश्यक औषधीहरु, खाद्य वस्तु लगाएत अन्य अत्यावश्यक सामग्रीहरुको सहज आपूर्तिको व्यवस्था मिलाइने छ ।<br>➢ बाह्रविसे नगरपालिकाले कोभिडको महामारी रोकथाम तथा नियन्त्रणका लागि २५ वेडको आइसोलेसन केन्द्र स्थापना गराई सकेको छ, यसलाई निरन्तरा दिइने छ ।<br>➢ विपन्न नागरिकहरुको स्वास्थ्य उपचारको लागि प्रदान गर्दै आइरहेको आर्थिक सहयतालाई निरन्तरता दिइने छ ।<br>➢ प्राथामिक स्वास्थ्य केन्द्र नेपाल सरकारवाट १५ सैयाको अस्पतालमा अपग्रेडको लागि निर्णय भएको हुँदा सो अस्पताल सञ्चालनको लागि आवश्यक पूर्वाधार तथा जनशक्तिको व्यवस्थापनमा संघ र प्रदेश सरकार सँग समन्वय गरिने छ ।<br>➢ गाउँघरमा रहेका क्लिनिकबाट प्रदान गरिने स्वास्थ्य सेवालाई प्रभावकारी वनाइने छ । |

| | |
|---|---|
| | ➢ गर्भवती महिलाको नियमित जाँचका लागि विशेष प्याकेज तथा घरमा प्रसुती गराउने कार्यलाई शुन्यमा ल्याउनका लागि विशेष कार्यक्रम सञ्चालनमा निरन्तरता दिइने छ ।<br>➢ नगरपालिका क्षेत्र भित्रका स्वास्थ्य सेवाको सुविधाको पहुँच बाहिर रहेको नागकिहरुको लागि स्वास्थ्य कर्मीहरुलाई घरघरमै गई औषधीको व्यवस्था तथा उपचारको व्यवस्था गरिएको छ सो कार्यलाई निरन्तरता दिईने छ ।<br>➢ महिला स्वंसेवीकाहरुको लागि प्रोत्साहन भत्ता सहित स्वयंसेविका दिवसका दिन पुरस्कार कार्यक्रम सञ्चालन गरिने छ ।<br>➢ नेपाल सरकारले उच्च महत्वका साथ कार्यान्वयनमा ल्याइएको स्वास्थ्य विमा कार्यक्रमलाई कार्यान्वय ल्याई सेकेको हुँदा सो कार्यलाई निरन्तरता दिइने छ ।<br>➢ ६० वर्ष पुरा भएका तथा अन्य कारणले सेवा प्रदान गर्न कठिन भएका महिला स्वास्थ्य स्वंयमसेविकाहरुलाई स-सम्मान विदाइ कार्यक्रम राखिनेछ ।<br>➢ नगरपालिका भित्रका सम्पूर्ण बच्चाहरुले नेपाल सरकारबाट निःशुल्क उपलव्ध गराउने सम्पूर्ण खोप पाएको सुनिश्चितता गरि पूर्ण खोप सुनिश्चितता कार्यक्रमलाई निरन्तरता दिइनेछ ।<br>➢ नगरपालिका भित्र कार्यरत स्वास्थ्यकर्मीहरु मध्येबाट उत्कृष्ट स्वास्थ्यकर्मीलाई सम्मान कार्यक्रम गरि स्वास्थ्यकर्मीहरुको मनोवल उच्च राखिनेछ । |
| **४.पूर्वाधार विकास** | ➢ नगरपालिकाको मुख्य सडक कोरिडोरका रुपमा विकास गरी आवश्यक मर्मत सम्भार मार्फत वर्षैभरी सञ्चालन गरिनेछ । नगरपालिका भित्रका अन्य सडक सञ्जाललाई यिनै मुख्य सडकसँग जोडिने कार्यलाई निरन्तरता दिइएको छ ।<br>➢ बालमैत्री,अपाङ्ग मैत्री तथा बातावरण मैत्री पूर्वाधारहरु निर्माणमा प्रोत्साहन गरिनेछ ।<br>➢ नगरपालिकाका रणनीतिक महत्वका सबै सडक योजनाहरुको विस्तृत परियोजना निर्माण(डीपीआर) गर्ने कार्यलाई थप निरन्तरता दिइनेछ ।<br>➢ प्रत्येक वडाहरुमा १ वटा सामुदायिक भवन निर्माण गरिनेछ ।<br>➢ संभावना भएका प्रत्येक वस्तीहरुमा हेलिप्याडको निर्माण गरिने छ ।<br>➢ हरेक वडाहरुको सार्वजनिक स्थानहरुमा सौय बत्ती जडान गर्ने कार्यलाई निरन्तरता दिइने छ ।<br>➢ नगरपालिका भित्रका आवश्यक स्थानको पहिचान गरि झोलुङ्गे पुलको निर्माण तथा व्यवस्थापन गरिनेछ ।<br>➢ भयोली कुण्ड, ठिङसाङ-कालिन्चोक, घुडे, ओमपार्क जस्ता पर्यटकिय क्षेत्रहरु जोडिने सडक निर्माण तथा स्तरोन्नतीमा संघ र प्रदेश सरकार सँग समन्वय गरिने छ ।<br>➢ एकिकृत वस्ती विकासलाई प्रोत्साहन दिने नीति लिईनेछ । एकिकृत वस्ती विकासका लागि पूर्वाधारहरुमा  सडक, खानेपानी, विद्युतको क्षेत्रमा प्राथमिकता दिई पूर्वाधार विकास गरिनेछ<br>➢ वडा तथा नगरस्तरीय सडक निर्माण गर्दा नगरपालिकाको स्वीकृत मापदण्डा |

| | |
|---|---|
| | वमोजिम निर्माण कार्य अगाडी वढाईने छ ।<br>➢ प्रधानमन्त्री रोजगार कार्यक्रमलाई स्थानीय पूर्वाधार निर्माण कार्यमा संलग्न गराई अन्य क्षेत्रमा समेत परिचालन गरिनेछ ।<br>➢ बेरोजगारको सूचिमा दर्ता भएका व्यक्तिहरु मध्येबाट प्राथमिकताको आधारमा छनौट गरि नगर भित्रका विकास निर्माणका आयोजनामा काम गर्न लगाउनेछ<br>➢ नगरपालिका वा वडाबाट संचालित जुनसुकै आयोजनाहरुमा आवश्यक पर्ने दक्ष वा अदक्ष श्रमिकहरु बेरोजगार सूचिमा दर्ता भएका मध्येबाट लगाइनेछ ।<br>➢ नगरपालिकामा नगर प्रमुखको अध्यक्षतामा रहेको निर्देशन समितिले स्थानिय रोगगारको पहिचान गरि आफ्नो पालिकामा रहेको रोजगारदाता सँग सम्झौता गरि बेरोजगार सूचिमा दर्ता भएकाहरुलाई विशेष प्राथमिकताका साथ रोजगारीको अवसर प्रदान गरिनेछ । |
| **५.खानेपानी तथा सरसफाई र सिँचाई** | ➢ यस अघि निर्माण भएका खानेपानी परियोजनाहरुको लेखाजोखा अध्ययन गरि पुराना धारा र ट्याङ्कीहरुको मर्मत संभारको व्यवस्थापन गरिने छ ।<br>➢ संघ र प्रदेश सरकार सँगको समन्वयमा सम्भाव्य वडाहरुमा एकघर एक धारा प्रति धारा मिटर जडानको नीति अवलम्वन गरिनेछ ।<br>➢ प्रत्येक वडा कार्यालय र सार्वजनिक स्थानहरुमा फोहरमैलाको व्यवस्थापन गर्ने कार्य मिलनाईने छ ।<br>➢ सिँचाई योग्य जमिनहरुको लागि आवश्यक अध्ययन गरि सिँचाई व्यवस्थापन गर्ने नीति तथा कार्यान्वनमा जोड दिइनेछ ।<br>➢ संघ र प्रदेश सरकार सँगको समन्वयमा सम्भाव्य स्थानहरुमा केहि ठुला र साना तथा मझौला किसिमका सिँचाई व्यवस्थापन गरिने छ ।<br>➢ किसानहरुका लागि थोपा सिँचाईको व्यवस्थापन गरिने छ ।<br>➢ भुकम्प तथा पहिरोबाट क्षति ग्रस्त भएका खानेपानीको मुहान तथा वितरण लाईनहरुको पुनर्निर्माण तर्फ प्राथमिकताका साथ कार्य अगाडी वढाइने छ । |
| **६.युवा तथा खेलकुद** | ➢ खेलकुदको विकास, विस्तार गर्न नगर स्तरीय खेलकुद परिषद स्थापना गरिनेछ ।<br>➢ नगरपालिका भित्रका खेलाडीहरुले राष्ट्रिय तथा अन्तराष्ट्रिय खेलमा सहभागी भै विजेताहुनेहरुलाई विशेष सम्मान गरिँदै आएकोमा सो कार्यलाई निरन्तरता दिइने छ ।<br>➢ नगरस्तरीय मेयर कपको आयोजना गरिनेछ ।<br>➢ सम्भाव्यता हेरी नगरपालिका स्तरीय १ र प्रत्येक वडाहरुमा १/१ वटा खेल मैदान निर्माण गरिने छ ।<br>➢ युवाहरुलाई स्वरोजगार युक्त वनाउनको लागि विभिन्न भाषा प्रशिक्षण तथा सिप आर्जन कार्यक्रम सञ्चालन गरिनेछ ।<br>➢ खेलाडीहरुको खेलमा सहभागी हुँदा हुन सक्ने सम्भाव्य जोखिमको लागि |

| | |
|---|---|
| | एउटा खेल सुरक्षा कोष स्थापना गरि सञ्चालनमा ल्याइने छ ।<br>➢ प्रत्येक माविहरुमा मागको आधारमा खेलाडी प्रशिक्षकको व्यवस्था मिलाइने छ । |
| **७.संस्कृति तथा पर्यटन** | ➢ पर्यटन प्रवर्द्धनको माध्यमबाट रोजगारका अवसर वृद्धि, गरिबी निवारण र जनताको जीवनस्तरमा सुधार ल्याई आर्थिक समृद्धिको लक्ष्य हासिल गर्ने क्षेत्रको रुपमा विकास गरिने छ ।<br>➢ छिमेकी पालिका तथा प्रमुख पर्यटकीय बजारमा बाह्रविसेका पर्यटकीय क्षेत्रको व्यापक प्रचार-प्रसार  प्रवर्द्धनमा जोड दिइने छ ।<br>➢ पर्यटनको संम्भावना वोकेका शिक्षा, स्वास्थ्य तथा खेलकुद जस्ता क्षेत्र समेटेर एकीकृत पर्यटन विकासको लक्ष्य लिइने छ ।<br>➢ पर्यटन पूर्वाधारमा सार्वजनिक-निजी र सहकारी क्षेत्रको साझेदारीको अवधारणलाई प्रवर्द्धन गरिने छ ।<br>➢ पर्यटकिय गन्तव्य स्थलको पहिचान, विकास तथा विविधिकरण गर्न निजी क्षेत्र सँग सहकार्य गरिने छ ।<br>➢ पर्यटकीय उपजलाई मूल्यसँग आवद्ध गरी स्थानीय बासिन्दा सम्म यस क्षेत्रको लाभको वितरण गर्ने लक्ष्य लिइने छ ।<br>➢ संघ र प्रदेश सरकार सँगको समन्वयमा भयौली कुण्ड, घुडे बुद्धपार्क निर्माण तथा होमस्टेको व्यवस्थापन, चुल्ठी, ठिङसाङ, खाग्रे गुफा, गोम्वुलुङ जस्ता क्षेत्रहरुलाई पर्यटकिय गन्तव्यको रुपमा विकास गर्न एकिकृत पर्यटन प्रवर्द्धनका कार्यक्रमहरु संचालन गरिनेछ ।<br>➢ टुङटुङ खोला, सुँगुरे तथा घुडे क्षेत्रमा रक क्लाइम्वीङ तथा क्यानोनिङ क्षेत्र विकासको लागि संभाव्यता अध्ययन गरी कार्यक्रम अगाडी वढाइनेछ ।<br>➢ क्षमादेवी मन्दिर,कफेश्वर महादेव मन्दिर, ओमपार्क व्यवस्थापन  बौद्ध उद्यान, खडादेवी मन्दिर,गोल्मास्थान मन्दिर,सिद्धाथान महादेव मन्दिर, जस्ता क्षेत्रहरुलाई साँस्कृतिक पर्यटन प्रवर्द्धनात्मक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।<br>➢ प्रदेश सँगको समन्यवमा सुनकोशी वनमा पार्क निर्माण कार्यलाई निरन्तरता दिइने छ ।<br>➢ पर्यटन क्षेत्रको विकासका लागि पर्यटन सम्वन्धि तालिम, सेमिनार संचालन तथा ग्रामिण पर्यटन पूर्वाधारलाई विकास गरि होम स्टे व्यवस्थापन तथा तालिम संचालन गरिनेछ ।<br>➢ पर्यटनलाई रोजगारमा जोडि रोजगारमुलक पर्यटन विकासमा जोड दिइने छ ।<br>➢ ऱ्याप्टिङ संचालन गर्न सकिने संम्भाव्य स्थानहरुको खोजि गरि विकास गरिनेछ । |
| **८.वन,वातावरण तथा भू-संरक्षण** | ➢ पहिरो तथा भू-क्ष्यग्रस्त क्षेत्रहरु पहिचान गरि सो क्षेत्रमा वाँस, निगालो, अम्रिसो रोपण गरिने, त्यसको संरक्षण र उपयोग गर्ने कार्यलाई प्रदेश सँगको समन्वयमा निरन्तरता दिइने छ ।<br>➢ नदी, खोल्सा कटान नियन्त्रण तथा वस्ती बचाउ कार्यक्रमलाई प्राथामिकताका साथ अगाडी वढाईनेछ । |

| | |
|---|---|
| | ➢ प्रदेश सरकार सँगको समन्वयमा प्रत्येक वडामा १ ओटा वनस्पती उद्यान निर्माणको नीति लिईनेछ । <br> ➢ नगरपालिका भित्रका वनमा भएका जडीवुटी उत्पादन, प्रशोधन केन्द्र स्थापनाको लागि सम्वन्धित निकायमा पहल गरिनेछ । <br> ➢ वन क्षेत्रमा जथाभावी सडक खन्ने कार्यलाई नियन्त्रण गरिनेछ । योजना वद्ध रुपमा सडक तथा पुर्वाधार बनाउदा क्षेति भएका रुख विरुवाको अनुपातमा २५ % वृक्षारोपण गर्नु पर्ने बाध्यकारी नियम लागु गरिनेछ । <br> ➢ वातावरणमा असर पार्ने उद्योग स्थापना गर्दा स्थानिय तहको सहमति लिइने गरी वातावरणीय प्राभाव न्यूनिकरणका कार्यहरु संचालन गर्नु पर्ने नीति अवलम्वन गरिने छ । <br> ➢ संघ तथा प्रदेश सरकार सँगको समन्वयमा जलवायु परिवर्तनको सूचना केन्द्र निर्माण तथा व्यवस्थापन गरिनेछ । <br> ➢ जलवायु परिवर्तनबाट सृजित असरहरुको न्यूनिकरण गर्दै जलवायु अनुकुलनका कार्यक्रमहरुलाई निरन्तरता दिँदै उत्थानशिल समाजको निर्माण गर्ने नीति लिइने छ । |
| **९.महिला तथा वालवालिका** | ➢ नगरपालिकाबाट सञ्चालित घुम्ती सेवा मार्फत सम्वन्धित टोल वस्तीमा नै अपाङ्ग परिचयपत्र वितरण गर्ने कार्यलाई निरन्तरता दिइनेछ । अपाङ्गहरुलाई सिपमुलक तालिमको व्यवस्था मिलाइने छ । <br> ➢ बालसंरक्षण सँग सम्वन्धित ऐन, नियम र रणनीति अनुसार बाल संरक्षण तथा सहभागीतालाई सुनिश्चितता गरिनेछ । <br> ➢ आदिवासी जनजाति र दलित समुदायका व्यक्तिहरुको लागि सामुदायिक संगठनहरुको प्रवर्द्धन र नेतृत्व विकास तथा आयमुलक कार्यक्रमहरु सञ्चालन गरिनेछ । <br> ➢ महिलाहरुलाई आयाआर्जन व्यवसायिकता तर्फ उन्मुख गराउन आवश्यक सिपमुलक तालिम र व्यवसाय संचालनको लागि महिला समुह, समिति र सहकारी संस्था मार्फत सहयोग कार्यक्रमहरु संचालन गरिनेछ । <br> ➢ महिला हिंसा, मानव वेचविखन, देह व्यापार लगायत महिला विरुद्धको सवैखाले अपराध नियन्त्रण गर्न सामाजिक जागरणका कार्यक्रमहरु संचालन गरिनेछ । <br> ➢ महिला विरुद्ध हुने सबै प्रकारको विभेद हिंसाको रोकथाम तथा नियन्त्रणका लागि कानुनी उपचार वृद्धि गर्न महिला कानुनी परामर्श सेवा केन्द्रको स्थापना गर्न पहल गरिनेछ । <br> ➢ हिंसा, पीडित एकल महिला, बेसहारा एवं अपाङ्गता भएका महिलाहरुको अधिकार संरक्षण प्रवर्द्धन, सामाजिक सुरक्षा, एवम पुनस्थापनाका लागि कार्यक्रमहरु संचालन गरिनेछ । <br> ➢ बैदेशिक रोजगारमा जाने महिलाहरुको लागि सुरक्षित तरिकाको बैदेशिक रोजगारको लागि परामर्श प्रदान गरिनेछ । <br> ➢ दलित समुदायहरुको उत्थानका लागि विशेष कार्यक्रमहरु सञ्चालन गरिने छ । <br> ➢ किशोर- किशोरी परिचालन कार्यक्रम लागु गरिने छ । |

| | |
|---|---|
| | ➢ प्रत्येक वडाहरुमा १/१ वटा वृद्धहरुका लागि दिवा आराम केन्द्र व्यवस्थापन गर्न आवश्यक पहल कदमि लिइने छ ।<br>➢ पीछडिएका वर्गहरुलाई उत्थान गर्नका लागि आवश्यक कार्यक्रमको पहल कदमि लिइने छ ।<br>➢ उपप्रमुख सँग नागरिक शिक्षा कार्यक्रम लागु गरिने छ । |
| **१०.सहकारी विकास** | ➢ सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिता तथा स्वतन्त्र विकास मार्फत सुदृढ अर्थतन्त्रको विकास गरिनेछ ।<br>➢ सहकारी क्षेत्रले छरिएर रहेको श्रम, सीप, प्रविधि र स्थानीय पूँजीलाई एकीकृत गरी उत्पादन तथा उत्पादकत्व र रोजगारी वृद्धी गर्ने नीति लिइने छ ।<br>➢ सामुदायिक समूह तथा आमा समूहहरुलाई सहकारीमा संचालन गर्न अभिप्रेरित गरिनेछ ।<br>➢ सहकारी क्षेत्रलाई उत्पादनशील क्षेत्रमा केन्द्रित गर्न प्रोत्साहन गरिने छ ।<br>➢ सहकारीको माध्यमबाट गरीब तथा विपन्न वर्गको संलग्नतामा संचालन हुने व्यवसायिक योजनालाई सहयोग गरिने छ ।<br>➢ सहकारी संघ-संस्थाको क्षमतामा अभिवृद्धिका लागि सहकारी शिक्षा,नेतृत्व विकास र व्यवस्थापन तालिमलाई व्यापक बनाईने छ ।<br>➢ सहकारी क्षेत्रको नियमन तथा व्यवस्थापनका लागि COPOMIS प्रणालीको कार्यान्वयनलाई प्रभावकारी तुल्याइने छ । |
| **११.लघु, घरेलु तथा साना उद्योग** | ➢ औद्योगिक क्षेत्रको विकासका लागि नीतिगत, कानुनी र संस्थागन सुधारका उपयाहरु अवलम्वन गरिने छ ।<br>➢ रोजगारी सिर्जना तथा गरिवी निवारणका लागि लघु, घरेलु तथा साना उद्योगको संरक्षण तथा संवर्द्धन गरिने छ ।<br>➢ उद्योग स्थापना तथा उत्पादित वस्तुको बजारीकरणको लागि समन्वय गरिने छ<br>➢ स्थानीय स्रोत साधन र सम्भावना तथा तुलनात्मक लाभको आधारमा औद्योगीक क्षेत्रको निर्माण र संचालन गरिने छ ।<br>➢ लगानीमैत्री वातावरण तयार गर्ने, औद्योगिक पूर्वाधारको विकास गरिने छ ।<br>➢ महिला उद्यमशिलता विकास गर्न प्रेरित गरिने छ ।<br>➢ बैदेशिक रोजगारबाट फर्केका तथा बेरोजगार युवाहरुको तथ्याङ्क संकलन गरी उनीहरुलाई स्वरोजगारमुखी सिप प्रदान गरिनेछ ।<br>➢ स्थानीय स्रोत र साधनको समुचित प्रयोगको नीति लिइने छ । |
| **१२.राजश्व संकलन र परिचालन** | ➢ स्थानीय सरकार संचालन ऐन,२०७४ मा व्यवस्था भए वमोजिम आन्तरिक आयलाई व्यवस्थित वनाउन आवस्यक पर्ने नियम, कार्यविधि, निर्देशिकाहरु स्वीकृत गरी लागू गरिनेछ ।<br>➢ आन्तरिक आयतर्फका संभाव्य क्षेत्रहरुको पहिचान गरी करका दर भन्दा दायरा फराकिलो वनाईनेछ । नगरपालिकाको राजस्वको संभाव्यता अध्ययन गरिनेछ । |

| | |
|---|---|
| | ➢ बाह्रविसे नगरपालिकामा आन्तरिक आयलाई थप सशक्त वनाउन नगर भित्रका वुद्धिजीवि, सर्वसाधारण नागरिकहरुबाट सल्लाह सुझाव लिई राजश्वको दायरलाई अझ फराकिलो गर्दै आन्तरिक स्रोतको व्यवस्था गरिनेछ । <br> ➢ राजश्वका प्रमुख स्रोतहरुः सम्पति कर, भवननक्सा पास तथा अभिलेख दस्तुर, व्यवसाय कर, बहाल विटौरी शुल्क, नदी जन्य पदार्थको ठेक्का, काठका मुडाहरु जस्ता शुल्कहरुलाई सहज असुली गर्ने व्यवस्था मिलाइनेछ । <br> ➢ दैवि प्रकोप, प्राकृतिक विपत्तिबाट पीडित व्यक्ति, घर परिवारलाई यस आ.व.मा सम्पति कर मिनाह दिने नीति अवलम्वन गरिने छ । <br> ➢ राजस्व संकलन सम्वन्धित व्यवस्थालाई थप मजवुद गर्दै आगामी आ.व.मा नयाँ सफ्टवेयर प्रणालि जडान गरि आन्तरिक आयको व्यवस्थापन गरिनेछ । <br> ➢ आगामी आ.व.देखि आन्तरिक आय व्यवस्थित गर्नको लागि राजश्वको कार्य योजना तयारी गरि लागु गरिनेछ । यसका लागि सवैको सहयोगलिई चौमासिक रुपमा समिक्षा समेत गर्दै नगरको आन्तरिक आय वृद्धि गर्न थप पहल गरिनेछ । <br> ➢ हाल विश्वभर महामारीको रुपमा फैलिएको कोभिड-१९ कारण सिर्जित विषम परिस्थितबाट हाम्रो बाह्रविसे नगरपालिका समेत प्रभावित रहेको हुँदा यस नगरपालिकामा सञ्चालित उद्योग तथा व्यवसायीहरुलाई राहत तथा पुनरउत्थान गर्न विशेष व्यवस्था गरिने छ । |
| **१३.राष्ट्र सेवक सुशासन तथा सेवा प्रवाह** | ➢ बाह्रविसे नगरपालिका मातहत कार्यरत राष्ट्रसेवक कर्मचारीहरुको मनोवल वढाई सार्वजनिक सेवालाई प्रभावकारी वनाउन विशेष व्यवस्था गरेको छु । <br> ➢ नागरिकहरुको सूचनामा पहुँच वढाउनको लागि नगरले सञ्चालन गरेको कार्यहरु तथा निर्णयहरु नगरपालिकाको आफ्नै वेवसाइट, डाटापोर्टल, मोवाइल एप्लिकेसन मार्फत सूचना प्रवाह गर्ने कार्यलाई निरन्तरता दिइनेछ । <br> ➢ नगरपालिकाको बजार क्षेत्रमा शान्ती सुरक्षा कायम राख्न तथा बजार क्षेत्रमा हुने विभिन्न घटनाहरुको बारे जानकारी लिन र दिन सिसि क्यामारा जडान गर्ने कार्य भै रहेको छ, भने अन्य विभिन्न सार्वजनिक स्थलहरुमा पनि यस प्रकारको कार्यलाई निरन्तरता दिइने छ । <br> ➢ नगरपालिकाबाट प्रवाह हुने सेवा प्रवाह, सम्पन्न योजना तथा कार्यक्रमका सम्वन्धमा नगरपालिकामा सार्वजनिक सुनुवाई तथा सामाजिक परीक्षण कार्यक्रम आयोजना गरिनेछ । <br> ➢ नगरपालिकास्तरीय तथा वडा स्तरीय १० लाख भन्दा माथिका योजनाहरु सञ्चालन गर्दा आयोजना स्थलमा अनिवार्य होर्डिङवोर्ड राख्ने कार्यलाई कडाइका साथ कार्यान्वयन गरिनेछ । <br> ➢ जनप्रतिनिधिहरुका लागि ऐन नियम कार्यविधि र समसामयिक विषयवस्तु वारे तालिम तथा सेवा प्रवाह सम्वन्धमा कर्मचारी र पदाधिकारीहरुलाई अनुशिक्षण कार्यक्रम सञ्चालन गरिनेछ <br> ➢ उपभोक्ता समितिका लागि योजना सम्झौता, कार्यान्वयन, अनुगमन मुल्याङ्कन, योजनाको दिगो बिकास तथा उपयोग र मर्मत सम्भारगर्ने बिषयको |

| | |
|---|---|
| | अभिमुखिकरण गर्ने कार्यलाई प्रभावकारी वनाईने छ ।<br>➢ कर्मचारीहरुको लागि ऐन नियम कार्यविधि र समसामयिक विषयवस्तु वारे तालिम तथा कर्मचारीहरुका लागि असल अभ्यास भएका नगरपालिकाहरुमा अनुभव आदान प्रदान गर्ने हेतुले अवलोकन भ्रमणको व्यवस्था मिलाइनेछ ।<br>➢ जनतालाई सुशासनको प्रत्याभुति हुने गरी कार्य गर्ने कार्यलाई थप प्रभावकारी वनाउन भ्रष्टाचारलाई सुन्य सहनसीलताको नीति अख्तियारी लिनेछ । |
| **१४.सरकारी तथा गैरसरकारी निकाय सँगको समन्वय** | ➢ नगरपालिका भित्र सञ्चालन हुने सम्पूर्ण संघ संस्थाहरुको वार्षिक नीति कार्यक्रम नगरपालिकाको वार्षिक योजना तथा कार्यक्रममा रही सञ्चालन गर्नु पर्ने नीति लिइने छ ।<br>➢ संघ-संस्थाहरुले आफुले गरेको कार्य प्रगति विवरण चौमासिक रुपमा नगरपालिकामा वुझाउनु पर्नेछ ।<br>➢ नगरपालिका भित्र क्रियाशिल संघ-संस्थाहरु मार्फत सञ्चालित योजनाहरुलाई थप प्रभावकारी वनाउन अनुगमनलाई सहभागीता मुलक वनाउँदै नतिजामा आधारित अनुगमन प्रणालिको विकास गरिने छ ।<br>➢ नगरपालिका क्षेत्र भित्र कार्यरत संस्थाहरुलाई सूचिकृत गराउने कार्यलाई निरन्तरता दिइनेछ ।<br>➢ मागमा आधारित कार्यक्रमहरुको कार्यान्वयनका लागि संघ संस्थाहरु सँग समन्वय गरिने छ । |
| **१५ न्याय सम्पादन** | ➢ न्यायमा सवैको पहुँच सुनिश्चित गर्न स्थानीय न्यायिक समितिको कार्यलाई व्यवस्थित गरि वडा स्तरमा सामुदायिक मेलमिलाप कर्ताहरुलाई सक्रिय वनाईने छ ।<br>➢ घुम्ती कानुनी सिविर सञ्चालन गरि स्थानीय जनताको घरदैलोमा कानुनी सेवा उपलव्ध गराईनेछ ।<br>➢ न्यायिक समितिका पदाधिकारीहरु,सामुदायिक मेलमिलाप कर्ताहरुको क्षमता विकास तालिम तथा वर्षमा १ पटक अवलोकन भ्रमणको व्यवस्था गरिनेछ ।<br>➢ नगरपालिकामा प्राप्त हुने सवै मुद्दाहरुलाई छिटो र छरितो,छिनोफानो हुने व्यवस्था मिलाइने छ । |
| **१७.विपद व्यवस्थापन** | ➢ वडा तथा नगर स्तरमा विपद् व्यवस्थापन योजना तयारी गरिने छ र सोको कार्यान्वयनको लागि सम्वन्धित सरोकारवाला निकायहरु सँग समन्वय गरी कार्य संचालन गर्ने नीति लिइने छ ।<br>➢ स्थानीय विपद व्यवस्थापन कोषलाई प्रभावकारी वनाउँदै सो कोषलाई निरन्तर थप गर्दै लगिनेछ ।<br>➢ नगरभित्रका जोखिम युक्त स्थानहरु पहिचान गरि सो क्षेत्रको जोखिम न्यूनिकरणका कार्य गर्ने नीति लिइनेछ ।<br>➢ स्थानीय विपद व्यवस्थापन समितिलाई आवश्यक तालिम तथा पूर्व तैयारीको |

| | |
|---|---|
| | व्यवस्थापनमा जोड दिइनेछ ।<br>➢ सम्भावित विपद व्यवस्थापनका लागि खोज तथा उद्धार, राहत सामाग्रिको पुर्व भण्डारण गरि खाद्य वैङ्क स्थापना गरी आवश्यकता अनुसार परिचालन गर्ने ।<br>➢ बजार क्षेत्रमा नदीमा वाढीको प्रकोप अग्रीम जानकारी गराउने उद्देष्यले सो जानकारी गराउन साइरनको व्यवस्था गरीने छ ।<br>➢ टोल वस्तीका सुरक्षाको लागि साइरन जडान कार्यलाई प्राथामिकता दिइने छ ।<br>➢ भोटेकोशी नदीमा वाढीको पूर्व सूचना दिइने प्रणालिलाई कायान्वयनमा ल्याइने छ ।<br>➢ संघ र प्रदेश सरकारको समवन्यमा मौषम पूर्वअनुमान जानकारी दिने एस.एम.एस प्रणालिको विकास गरिने छ । |
| **१८.विद्युतिकरण एवं वैकल्पिक उर्जा** | ➢ नगरभित्रका स्टिल तारलाई विस्थापित गर्दै केवल तारको विस्तार कार्यलाई निरन्तरता दिइने छ ।<br>➢ संघ र प्रदेश सरकार सँगको समन्वयमा सार्वजनिक स्थानहरुमा सडक सौर्य वत्ती जडान गर्ने कार्यलाई निरन्तरता दिइने छ ।<br>➢ विद्युत प्राधिकरण सँगको समन्वयमा विद्युत चुहावट नियन्त्रण गर्नको लागि सवै घरहरुमा अनिवार्य विद्युत मिटर जडान गर्ने कार्यलाई कडाईका साथ लागु गरिनेछ ।<br>➢ सरकारी तथा सार्वजनिक भवनहरुमा सौर्य उर्जाको प्रयोगलाई प्रोत्साहन गरिने छ ।<br>➢ सार्वजनिक महत्व राख्ने स्थानहरुमा सौर्य उर्जाको बत्तिहरु जडानका लागि आवश्यक पहल कदमि लिइने छ । |
| **१९.सामी परियोजना** | ➢ नगरपालिका भित्रका ५ वटा माध्यामिक विद्यालयहरुमा अध्ययनरत विद्यार्थीहरुलाई पाठ्यक्रममा आधारित आन्तरिक तथा सुरक्षित बैदेशिक रोजगार सम्वन्धि अभिमुखिकरण कार्यक्रम सञ्चालन गरिनेछ ।<br>➢ रिटर्नी स्वयंसेवक परिचालन तथा व्यवस्थापन गरिनेछ ।<br>➢ विभिन्न सतेनामुलक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।<br>➢ मनोसामाजिक परामर्श तथा वित्तिय साक्षरता कक्षाको उत्कृष्ठ सहभागीहरुको लागि बीऊ पुँजी सहयोग गरिनेछ । |

**सभाका सदस्यज्यूहरु,**

प्रस्तावित नीति तथा कार्यक्रमको सफल कार्यान्वनबाट बाह्रविसे नगरपालिकाको हित तथा सामाजिक,आर्थिक तथा साँस्कृतिक क्षेत्र थप गतिशील हुनेछ, पारस्परिक सम्मान र अवसरसहित सामाजिक न्याय र समता कायम हुनेछ र नगर विकासमा योगदान पुग्नेछ भन्ने विश्वास लिएको छु । यो नीति तथा कार्यक्रमको कार्यान्वयनमा नगरपालिका सदैब क्रियाशील हुने विश्वास दिलाउन चाहन्छु

। म संघीय सरकार,प्रदेश सरकार र स्थानीय सरकार बाह्रविसे नगरपालिकाको ऐन,नियम वमोजिम नगरपालिका क्रियाशिल गराउन सदैव तत्पर रहने छु ।

अन्त्यमा नगर विकासमा योगदान गर्ने सवै राजनैतिक दल,राष्ट्रसेवक कर्मचारी,निजी क्षेत्र संघ संस्थाहरु, सहकारी, श्रमिक वर्ग,नागरिक समाज,आम सञ्चारजगत लगायत सम्पूर्ण नगरवासीहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्दै सहयात्री सवै नगरसभासदस्यज्यूहरु, नगरपालिकाका सवै कर्मचारीहरुमा नगरपालिका सञ्चालनमा पुऱ्याउनु भएको योगदान प्रति आभार व्यक्त गर्दै  पुन सवै नगरवासीहरुमा कोभिड-१९ संक्रमण जोखिम कायमै रहेकोले सावधानी अपनाउनु हुन र वर्षात शुरुवात भए सँगै मौषमजन्य प्राकृतिक विपदको घटनाहरु आउन सकिने संभावना रहेकाले उच्च सतर्कता अपनाउनुहुन अनुरोछ गर्दछु ।

धन्यवाद ! नमस्कार

निमफुन्जो शेर्पा
नगर प्रमुख